बैठकको नाम: क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्या: नवौं

अध्यक्षता: अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०८२।११।२९, शुक्रबार

स्थान: क्व्होलासोथार गाउँपालिका सभाहल, मालिङ ।

क्व्होलासोथार गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मालिङ, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

उपस्थिती:

| क्र.स. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | अध्यक्ष | क्व्होलासोथार गा.पा. -६ | |
| २ | गमीमाया गुरुङ | उपाध्यक्ष | क्व्होलासोथार गा.पा. -४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. -१ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. -२ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. -३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. -४ | |
| ७ | गित वहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. -५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. -६ | |
| ९ | लक्षुमन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. -७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. -८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. -९ | |
| १२ | श्री गंगा वहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १३ | श्री सुल वहादुर वि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. -७ | |
| १८ | श्री माधव प्रसाद वाग्ले | प्रमुख प्रशासकीय अधिकृत | क्व्होलासोथार गा.पा. | |
| १९ | स्मृति अधिकारी | कृषि अधिकृत | " " २ | |
| २० | स्मृति गुरुङ | PMJS Field supporter | " " " | |
| २१ | अनिल पौडेल | सूचना प्रविधि | " " | |
| २२ | यक्ष बहादुर चन्द | उद्यम विकास सहजकर्ता | " २ | |
| २३ | रमेश शर्मा | न्यायिक सहजकर्ता | " " | |
| २४ | त्रिलोकचन्द्र गुरुङ | स्वास्थ्य शाखा प्रमुख | " " | |
| २५ | दिपक राज पौडेल | शिक्षा शाखा प्रमुख | " " | |
| २६ | [illegible] गुरुङ | रोजगार संयोजक | | |
| २७ | डा अनुप गुरुङ | पशु चिकित्सक | क्व्हो.गा.पा. | |
| २८ | प्रकाश श्रेष्ठ | प्राविधिक शाखा प्रमुख | " | |
| २९ | [illegible] | [illegible] | " | |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७२

## नवौं कार्यपालिका बैठक २०८२।११।२९ गते, शुक्रबार

**प्रस्ताव नं १: दोस्रो चौमासिक सार्वजनिक सुनुवाईको मिति र स्थान तय सम्बन्धमा।**

**निर्णय नं १:** क्व्होलासोथार गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुबाट दोस्रो चौमासिकसम्म अर्थात मिति २०८२ फागुन मसान्तसम्म भएका सार्वजनिक सेवा प्रवाह, विकास निर्माण लगायतका विषयहरुमा पारदर्शिता कायम राख्न मिति २०८२ चैत २२ गते आइतबारका दिन वडा नं ९ स्थित कोइचो मिलन आमा समूह भवन, गिलुङमा सार्वजनिक सुनुवाई गर्ने निर्णय।

**प्रस्ताव नं २ : सहकारी अनुगमन समिति गठन सम्बन्धमा।**
**निर्णय नं २:** गाउँपालिकाको कार्यक्षेत्रभित्र रहेका सहकारीहरुको अनुगमनका लागि सहकारी ऐन २०७४ अन्तर्गत रही देहाय बमोजिमको ५ सदस्यीय समिति गठन गर्ने।

**सहकारी अनुगमन समिति**

- गा. पा. उपाध्यक्ष गमीमाया गुरुङ - संयोजक
- कार्यपालिका सदस्य सुल बहादुर बि.क. -सदस्य
- गा. पा. प्र.प्र.अ.माधवप्रसाद वाग्ले -सदस्य
- गा. पा. आ.ले.प. तिलक के.सी. -सदस्य
- सहकारी फोकल पर्सन अनिल पौडेल -सदस्य सचिव

**प्रस्ताव नं ३. अध्यक्ष कप सञ्चालन स्थान र मिति तय सम्बन्धमा।**
**निर्णय नं ३.** स्थानीय तह खेलकुद विकास समितिको संयोजकत्वमा तेस्रो क्व्होलासोथार गाउँपालिकास्तरीय अध्यक्ष कप २०८२ चैत्र २७ गते शुक्रबार देखि ३० सम्म ऐ. गाउँपालिकाको वडा नं ३ स्थित स्वर्गभुमी खेलकूद मैदान, घलेगाउँमा सञ्चालन गर्ने। खेलकूदमा पुरस्कार राशी गण्डकी प्रदेश खेलकूद कार्यविधि/मापदण्ड बमोजिम हुने निर्णय।

नवौं कार्यपालिका बैठक २०८२।११।२९ गते, शुक्रबार

**प्रस्ताव नं ४. आर्थिक सहायता सम्बन्धी।**

**निर्णय नं ४.** सम्बन्धित व्यक्ति तथा संस्थाबाट प्राप्त निवेदन सहित आवश्यक संलग्न कागतजातहरु र वडा कार्यालयको सिफारिसका आधारमा देहायका संस्था तथा व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने।

| क्र.सं. | व्यक्ति तथा संस्थाको नाम | सहायता रकम/ सामाग्री | उपलब्धताको कारण |
|---|---|---|---|
| १. | आइत बहादुर गुरुङ, वडा नं ४ | रु. ५०,०००। | सवारी दुर्घटना उपचार खर्च |
| २. | काली गुरुङ, वडा नं ४ | रु. ५०,०००। | सवारी दुर्घटना उपचार खर्च |
| ३. | बुद्ध बहादुर घले, वडा नं ३ ( गाउँपालिका कर्मचारी) | रु. ६०,०००। | उपचार खर्च |
| ४. | दुधपोखरी युवा क्लव, वडा नं ६ | रु. १,००,०००। | खेलकुद सञ्चालन तथा व्यवस्थापन |
| ५. | रन बहादुर गुरुङ, वडा नं ८ | रु. ५०,०००। | पहिरो/विपद् व्यवस्थापन (भेडा फार्म) |
| ६. | रबिन गुरुङ, वडा नं ८ (बुवा-प्रबिन गुरुङ) | रु. ५०,०००। | उपचार खर्च |
| ७. | टेक बहादुर गुरुङ, वडा नं ८ | रु. १,००,०००। | न्युरो /Paralysis उपचार खर्च |
| ८. | पदम बहादुर गुरुङ, वडा नं २ | रु. १,००,०००। | आगालागि/विपद् व्यवस्थापन |
| ९. | डिलमाया कामी, वडा नं १ | रु. ५०,०००। | उपचार खर्च |
| १०. | वडा नं ७ कुम्लुङबेसी तोदे गाउँ | ग्याबिन जाली ४ थान | पहिरो/विपद् व्यवस्थापन |

**प्रस्ताव नं ५. विविध।**

**निर्णय नं ५.** क) घलेगाउँ पर्यटन व्यवस्थापन समिति वडा नं ३ मा पर्यटन पर्वद्धन गर्ने उदेश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौंसँग अमेरीकी स्वयंसेवक (पीस कोर भोलुन्टर) उपलब्ध गराउन अनुरोध गर्ने।

ख) पशु सेवा शाखा अन्तर्गतको चालु आ.व. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम **पशुपालन तालिम** ऐ. चैतमहिनाभित्र वडा नं १, ३ र ७ गरी ३ वडामा सञ्चालन गर्न अनुमति दिने साथै वडा नं १ बाग्लुङपानीमा थप १ वटा ट्रेभिज निर्माणका लागि अनुमति प्रदान गर्ने।

ग) यस गाउँपालिका अन्तर्गतका वडाहरुमा ११ वटा मेलमिलाप केन्द्र गठन गर्ने साथै मेलमिलाप केन्द्र संचालनार्थ गाउँपालिकाले आवश्यक समन्वय तथा खर्च व्यवस्थापन गर्ने।

CamScanner

**नवौं कार्यपालिका बैठक २०८२।११।२९ गते, शुक्रबार**

घ) यस वर्ष गाउँपालिकाले NNFRC कार्यसम्पादन सूचकमा ६५.३० अंक प्राप्त गरेको हुँदा सुत्रमा आधारित वितिय समानीकरण अनुदान वृद्धि गर्न सूचकहरु राजश्व अनुमान र बजेट खर्च सहि ढंगले गर्ने। मनोरञ्जन शुल्क तथा ढुङ्गा, गिटी, बालुवाको संकलन दस्तुर विभाज्य कोषमा जम्मा गर्ने।

ङ) क्व्होलासोथार गाउँपालिकामा कार्यरत कर्मचारी MIS Operator कल्पना गुरुङको शुभ विवाहको अवसरमा दाम्पत्य जीवनको शुभकामना व्यक्त गर्ने।

च) उज्यालो अभियान कार्यक्रम अन्तर्गत रही बिधुतीकरण नभएका वडा नं २ र ३ का घरहरुमा बैकल्पिक उर्जा (Solar System) जडान गर्ने।

छ) यस कार्यालयका लागि आवश्यक हलुका सवारी चालक – १ संख्या विज्ञापन गर्न अनुमति दिने।

ज) यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री चन्द्रकाशी घले गुरुङको पिता क्व्होलासोथार गाउँपालिका, वडा नं ३ बगुम निवासी स्व. लोक बहादुर घलेको असमायिक निधनप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्ने।

CamScanner